## विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत मिति २०८२।०१।०७

**प्रस्तावनाः**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार नियुक्तिका लागि सिफारिस गर्न विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय ऐन,२०७९ को दफा २७ र दफा ३१ अनुसारको क्रमशः उपकुलपति र रजिष्ट्रार पदको लागि दफा २९ बमोजिम खुला प्रतिष्पर्धाको माध्यमबाट छनोट गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले उम्मेदवारका योग्यता, छनोट विधि, आधार, प्रक्रिया तय गरी उपकुलपति र रजिष्ट्रार सिफारिस सम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट गरी सिफारिस गर्न ऐनको दफा २९(१) बमोजिम गठन भएको सिफारिस समितिले आफ्नो कार्य व्यवस्थित गर्न देहायको कार्यविधि बनाई लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ भई उपकुलपति र रजिष्ट्रार नियुक्त नहुँदासम्म कायम रहनेछ।

**२.परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "विश्वविद्यालय" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय बुझ्नु पर्दछ।

(ख) "ऐन" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ बुझ्नु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय परिषदका अध्यक्ष बुझ्नु पर्दछ।

(घ) "समिति" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को दफा २९ को उपदफा (१) बमोजिमको उपकुलपति र रजिष्ट्रार सिफारिस समिति बुझ्नु पर्दछ।

(ङ) "संयोजक" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय ऐन २०८१ को दफा २९ (१क) बमोजिम उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिस समितिको संयोजक बुझ्नु पर्दछ।

(च) "उम्मेदवार" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार को पदमा नियुक्तिको लागि दरखास्त स्वीकृत भएको उम्मेदवार बुझ्नु पर्दछ।

(छ) "नजिकका नातेदार" भन्नाले एकाघरको परिवार बुझ्नु पर्दछ।

(ज) "पदाधिकारी" भन्नाले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित

विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारी समेतलाई जनाउँछ।

**३. <u>बैठक सम्बन्धी कार्यविधिः</u>**

(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा भौतिक रुपमा वा बिद्युतीय संचारका माध्यमबाट समेत बस्न सकिने छ ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिने छ ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

**४. <u>आवश्यक न्यूनतम योग्यताः</u>**

(१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

**<u>(१क) उपकुलपति पदको लागि</u>**

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(ख) प्राज्ञिक क्षेत्रमा कम्तीमा दश (१०) बर्षको काम गरेको अनुभव भएको ।

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट नेतृत्व तथा व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको ।

(घ) ३५ वर्ष उमेर पुरा भएको ।

(ङ) उच्च नैतिक चरित्र भएको, उच्च तनावको अवस्थामा तथा विविधतायुक्त साँस्कृतिक परिवेशमा पनि काम गर्न सक्ने क्षमता भएको र दुर्गम क्षेत्रमा बसेर काम गर्न इच्छुक रहेको

(च) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको ।

(छ) विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ।

(ज) अंग्रेजी र नेपाली दुबै भाषामा लेखन, पठनपाठन, तथा छलफल र बहसका लागि उत्कृष्ट क्षमता भएको ।

(झ) ख्यातीप्राप्त राष्ट्रिय तथा अन्तरराष्ट्रिय विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) उपाधि प्राप्त लाई ग्राह्यता दिइने छ । साथै संस्कृत वा हिमालय क्षेत्रका भाषा र संस्कृतिबारे ज्ञान वा आयुर्वेद वा वैकल्पिक चिकित्सा पद्धति बारे ज्ञान भएकोलाई विशेष ग्राह्यता दिइने छ ।

**<u>(१ख) रजिष्ट्रार पदको लागि</u>**

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको।

(ख) प्राज्ञिक वा शैक्षिक प्रशासनको क्षेत्रमा कम्तिमा आठ (८) बर्ष कार्य गरेको अनुभव भएको ।

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको ।

(घ) ३५ वर्ष उमेर पुरा भएको ।

(ङ) उच्च नैतिक चरित्र भएको, उच्च तनावको अवस्थामा तथा विविधतायुक्त साँस्कृतिक परिवेशमा पनि काम गर्न सक्ने क्षमता भएको र दुर्गम क्षेत्रमा बसेर काम गर्न इच्छुक रहेको अंग्रेजी भाषामा व्यवसायिक लेखन, पठन-पाठन तथा छलफल र बहसका लागि उत्कृष्ट क्षमता भएको ।

(च) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको ।

(छ) विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ।

(ज) ख्याती प्राप्त राष्ट्रिय तथा अन्तरराष्ट्रिय विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) उपाधि प्राप्त तथा प्राज्ञिक, प्रशासनिक वा अनुसन्धानमूलक संस्थाको प्रशासनिक व्यवस्थापन र सञ्चालनको अनुभवलाई ग्राह्यता दिइने छ ।

**५. <u>सूचना प्रकाशन गर्ने:</u>**

(१) विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार पदहरुमा नियुक्तिका लागि इच्छुक व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालयको आफ्नै वेवसाइट र विश्वविद्यालय अनुदान आयोगको वेवसाइटमा १० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले पेश हुन आएका दरखास्त कायमै राखी दरखास्त पेश गर्न बढिमा ५ दिनको समयावधि थप गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त हुन आएका दरखास्तहरु मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

**६. <u>उपकुलपति पदका निमित्त दरखास्त साथ पेश गर्नुपर्ने कागजात:</u>**

(१) उपकुलपति पदका निम्ति न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा कागजातहरू समाबेश गर्नुपर्नेछः-

(क) शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) नागरिकताको प्रमाणपत्र, र विदेशी नागरिकको हकमा राष्ट्रिय परिचय खुलाउने प्रमाणको प्रतिलिपि।

(ग) प्राज्ञिक अनुभव, नेतृत्व, शैक्षिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा योगदान गरेको अनुभवको कागजातका प्रतिलिपि ।

(घ) विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

(ङ) अनुसूची-२ मा उल्लेख भए बमोजिमका Qualifying Ranked Journal वा समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा उच्च शिक्षासङ्ग सम्बन्धित क्षेत्रमा पुस्तक, अनुसन्धानमूलक लेख रचना प्रकाशन गरेको भए सोको Doi number वा प्रतिलिपि,

(च) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(छ) ऐनमा व्यवस्था गरिएको उपकुलपतिको काम कर्तब्य र अधिकार (Terms of Reference) मा केन्द्रित भएर दुइ हजार देखि चार हजार शब्दसम्मको विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको सोच पत्र (Vision Paper) र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको लागि आफ्नो चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Work Plan of University) अंग्रेजी भाषामा तयार गरी पेश गर्नु पर्नेछ। (यसरी सोच पत्र र कार्ययोजना पेश गर्दा खण्ड क मा सोचपत्र र खण्ड ख मा कार्य योजना हुने गरी दुई खण्डमा विभाजन गरी तयार गर्नु पर्नेछ)

(ज) सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना तयार पार्दा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग गर्न पाइनेछैन ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको सोच पत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Work Plan of University) को प्रथम पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरुदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

**<u>७. रजिष्ट्रार पदका निमित्त दरखास्त साथ पेश गर्नुपर्ने कागजातः</u>**

(१) रजिष्ट्रार पदका निमित्त न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) नागरिकताको प्रमाणपत्र, र विदेशी नागरिकको हकमा राष्ट्रिय परिचय खुलाउने प्रमाणको प्रतिलिपि ।

(ग) प्राज्ञिक अनुभव, शैक्षिक प्रशासन तथा संस्थाको कोष तथा जनशक्ती व्यवस्थापनमा कार्य अनुभवको कागजातका प्रतिलिपि ।

(घ) विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र ।

(ङ) ऐनमा व्यवस्था भएको रजिष्ट्रारको काम कर्तब्य र अधिकार (Terms of Reference) मा केन्द्रित भएर दुइ हजार देखि चार हजार शब्दसम्मको विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको सोच पत्र (Vision Paper) र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको लागि आफ्नो चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Work Plan of University) तयार गरी पेश गर्ने (यसरी सोच पत्र र कार्ययोजना पेश गर्दा खण्ड क मा सोचपत्र (vision) र खण्ड ख मा कार्य योजना (work plan) हुने गरी दुई खण्डमा विभाजन गरी तयार गर्नु पर्नेछ।

(च) सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना तयार पार्दा कृत्रिम बौद्विकता (Artificial Intelligence) को प्रयोग गर्न पाइनेछैन ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको सोच पत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Work Plan of University) को प्रथम पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरुदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

८. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>:** (१) दरखास्तका लागि यस कार्यविधिको बमोजिमको प्रक्रिया पूरा गरी रितपूर्वक प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ। न्यूनतम योग्यता नपुगेको वा गलत तथा झुट्टा कागजात पेश गरेको वा रित नपुगी पेश गरेका दर्खास्त समितिले जुनसुकै बखत रद्द गर्न सक्नेछ।

९. **<u>छनौट विधि</u>**

(१) समितिले उम्मेदवारका दरखास्तसाथ पेश हुन आएका शैक्षिक योग्यता, प्राज्ञिक तथा प्रशासनिक कार्य अनुभव, प्रकासित पुस्तक, लेख, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको चार वर्षे व्यवसायिक कार्य योजनाको मूल्याङ्कनको आधारमा प्रत्येक पद को लागि पहिलो चरणमा कम्तिमा तीन जनालाइ कम्तिमा पाँच दिनको समय दिई दोस्रो चरणको लागि निमन्त्रणा गर्नेछ। दोश्रो चरणका लागि सिफरिस भएका उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा उत्कृष्ट एक-एक (१-१) जना उम्मेदवारको नाम क्रमशः उपकुलपति र रजिष्ट्रार पदमा नियुक्तिका लागि अध्यक्ष समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) शैक्षिक योग्यता,

(ख) प्राज्ञिक अध्यापन तथा प्रकाशन

(ग) शैक्षिक तथा प्रज्ञिक क्षेत्रमा प्रशासनिक, कोष तथा जनशक्ति व्यवस्थापनको अनुभव ।

(घ) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Strategic Work Plan) को मूल्याङ्कन,

(ङ) सोचपत्र (Vision paper) र कार्ययोजना (Work Plan) को प्रस्तुतीकरण,

(च) अन्तर्वार्ता।

(छ) उम्मेदवार आफैले सिफारिस गरेका रेफ्रीहरुबाट तोकिएको समय भित्र छनोट समितिलाइ प्राप्त सिफारिस (Reference) पत्र।

(३) उपदफा (२) बमोजिमका आधारहरू को अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार उपकुलपति पदको लागि अनुसूची-३ र रजिष्ट्रार पदको लागि अनुसुची ४ मा व्यवस्था भए बमोजिम हुनेछ।

१०. **<u>छनौटको चरण</u>:**

(१) पहिलो चरणमा छनौट भएका उम्मेदवारहरुलाई दर्खास्तमा उल्लेख गरेको ठेगानामा पत्राचार गरी प्रस्तुति अन्तरवार्ताका निमित बोलाइने छ ।

(२) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनामा आवश्यक परेमा एक जना वा सो भन्दा बढि विज्ञबाट मूल्याङ्कन गराउन सकिनेछ र एकभन्दा बढी मूल्याङ्कनकर्ता भएको अवस्थामा मूल्याङ्कनकर्ताले प्रदान गरेको अंकलाई औषत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(३) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनको लागि आवेदकको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई दोहोरो कोडिङ गरिनेछ।

(४) उपदफा (३) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनाको मूल्याङ्कन भए पश्चात अल्पसूची कायम गरिनेछ ।

(५) विश्वविद्यालयको सोचपत्रको मूल्याङ्कनको ढाँचा अनुसूची-५ र रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-६ मा व्यवस्था भए बमोजिम हुनेछ।

**११.<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ताः</u>**

(१) दफा ९ को उपदफा (१) बमोजिम पहिलो चरणबाट कायम भएका उम्मेदवारलाई पाँच दिनको समय दिई पत्राचारमार्फत दफा ९ (२) को खण्ड (ङ) र (च) बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ। प्रस्तुतिकरण र अन्तरवार्ताका समयमा आवेदक बिदेशमा रहेको अवस्थामा अनुरोध भइ आएमा विद्युतीय माध्यमबाट प्रस्तुतिकरण र अन्तरवार्ताको लागि आवस्यक ब्यवस्था मिलाउन सकिने छ।

(२) उम्मेदवार आफै विरामी भई अस्पताल भर्ना भएको वा उमेदवारको एकाघरका परिवार सदस्यको मृत्युको कारण किरिया बस्नु परेकोले निर्धारित मिति र समयमा प्रस्तुतीकरण र अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा सो को सुचना र बैकल्पिक समयको लागि सम्बन्धित उमेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै समितिसमक्ष निवेदन गर्नुपर्नेछ। यस्तो अवस्थामा समितिले विद्युतीय माध्यमबाट प्रस्तुतिकरण र अन्तरवार्ता दिन सक्ने वा निवेदन प्राप्त भएको मितिले बढिमा पन्ध्र दिनभित्र सम्पन्न हुने गरी प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि अर्को समय निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि विशेष समय उपलब्ध गराइने छैन।

(४) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-७ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) अन्तर्वार्ताको मूल्याङ्कनको ढाचा अनुसूची ८ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१२.<u>उपसमिति गठन तथा सेवा लिन सक्नेः</u>**

(१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यस सम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनितिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरण तथा अन्तरवार्तामा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त वा प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्य सम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

**१३.मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:**

(१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार वा व्यक्तिगत रूपमा घनिष्टता भएको व्यक्तिले उपकुलपति र रजिष्ट्रार पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका संयोजक तथा सदस्यको हकमा विश्वविद्यालय परिषदका अध्यक्ष र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

**१४.नाम सिफारिस:**

(१) समितिले तोकिएको समयभित्र छनोट समितीको प्रतिवेदन सहित छनोट प्रकृयामा उत्कृष्ट एक-एक (१-१) जनाको नाम क्रमशः उपकुलपति र रजिष्ट्रार पदका नियुक्तिका लागि विश्वविद्यालय परिषदको अध्यक्ष समक्ष सिफारिस गर्नेछ।

**१५.खर्चसम्बन्धी व्यवस्था:**

समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ।

**१६.कागजपत्रको संरक्षण:**

समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू कम्तिमा तीन महिना मन्त्रालयमा सुरक्षित राखिनेछ।

**१७. सचिवालय:**

समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा महाशाखामा रहनेछ।

## अनुसूची-१

### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### दरखास्तको ढाँचा

श्री संयोजकज्यू,
विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिँहदरबार, काठमाडौ।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको रिक्त उपकुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। यो दरखास्त संगै मैले कार्यविधीमा उल्लेखित उपकुलपति पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव आफुसंग रहेको, नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नरहेको र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय
२ . नियुक्ति हुन चाहेको पदः उपकुलपति
३. दरखास्त पेश गर्ने व्यक्तिकोः
(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी)ः-
.............................................................................................................
ENGLISH BLOCK LETTER ———————————————
हाल कार्यरत संस्थाः..............................पद —————
नागरिकताको प्रमाण पत्र नं.ः————जारी मितिः————..जिल्लाः–......——.
वा राष्ट्रिय परिचय पत्र नंः
विदेशी नागारिकः राहदानी नं. --------------- देश ------------ राहदानी वहाल अवधि -------------
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः .....................साल....................... महिना............... गते
सम्पर्क नम्बरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दर्शनाचार्य | | | | |
| ३. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (पदाधिकारी भए सो समेत)

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) प्राज्ञिक अनुसन्धानमूलक पुस्तक, लेख प्रकाशन सम्बन्धी विवरण

Qualifying Ranked Journals

| क्र. सं. | पुस्तक वा लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

Peer-Reviewed Journals

| क्र. सं. | पुस्तक वा लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(च) संलग्न कागजात तथा विवरणः

(१) ...........................................
(२) ...........................................
(३) ............................................
(४) ...........................................
(५) ...........................................
(६) ..........................................
(७) ..........................................
(८) ..........................................
(९) ........................................

(छ) उम्मेदवारको प्राज्ञिक तथा प्रशासनिक अनुभव र क्षमताका बारेमा परिचित र समितिलाई लिखित रुपमा उम्मेदवारको बारेमा सन्दर्भ पत्र लेखेर पठाउन सक्ने कम्तिमा दूइजना रिफरेन्स व्यक्तिहरुः

(क) नामः- सम्पर्क फोनः ईमेलः-

(ख) नामः- सम्पर्क फोनः ईमेलः-

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औंठा छाप** | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः
नाम थरः
मितिः
सम्पर्क नम्बरः

**पुनश्चः** उम्मेदवार भ्रष्टाचारजन्य, व्यक्तिगत आचरण सम्बन्धी लगायतका कुनै पनि अभियोग प्रमाणित नभएको, सदाचारयुक्त हुनुपर्नेछ । कसैको त्यस प्रकारको उजुरी प्राप्त भएमा त्यस्ता आवेदनलाइ अस्वीकार गर्न बाधा हुनेछैन ।

## अनुसूची-२

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### दरखास्तको ढाँचा

श्री संयोजकज्यू,
विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति/ रजिष्ट्रार छनोट तथा सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिँहदरबार, काठमाडौ।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको रिक्त रजिष्ट्रार पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। यो दरखास्त संगै मैले कार्यविधीमा उल्लेखित रजिष्ट्रार पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव आफुसंग रहेको, नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नरहेको र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म रजिष्टार पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय
२ . नियुक्ति हुन चाहेको पदः रजिष्ट्रार
३. दरखास्त पेश गर्ने व्यक्तिकोः
(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-
..........................................................................................................
ENGLISH BLOCK LETTER ————————————
हाल कार्यरत संस्थाः..............................पद ——————
नेपाली नागरिकताको प्रमाण पत्र नं.:————जारी मितिः————..जिल्लाः–......——.
वा राष्ट्रिय परिचयपत्र नं.
विदेशी नागारिकः राहदानी नं. --------------- देश ------------- राहदानी वहाल अवधि --------------
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः .....................साल....................... महिना................ गते
सम्पर्क नम्बरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |
| २ | दर्शनाचार्य | | | | |
| ३. | विद्यावारिधि | | | | |

(ग) अनुभवः

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) संलग्न कागजात तथा विवरणः

(१) ...............................................

(२) ..............................................

(३) ...............................................

(४) ..............................................

(५) ..............................................

(६) ...............................................

(७) ..............................................

(८) ..............................................

(छ) उम्मेदवारको प्राज्ञिक तथा प्रशासनिक अनुभव र क्षमताका बारेमा परिचित र समितिलाई आवश्यक भएमा लिखित रुपमा उम्मेदवारको बारेमा सन्दर्भ पत्र (Reference Letter) लेखेर पठाउन सक्ने कम्तिमा दूइजना रिफरेन्स व्यक्तिहरुः

(ग) नामः- सम्पर्कः- ईमेलः-

(घ) नामः- सम्पर्कः- ईमेलः-

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |

दस्तखतः
नाम थरः
मितिः
सम्पर्क नम्बरः

**पुनश्चः** उम्मेदवार भ्रष्टाचारजन्य, व्यक्तिगत आचरण सम्बन्धी लगायतका कुनै पनि अभियोग प्रमाणित नभएको, सदाचारयुक्त हुनुपर्नेछ । कसैको त्यस प्रकारको उजुरी प्राप्त भएमा त्यस्ता आवेदनलाइ अस्वीकार गर्न बाधा हुनेछैन ।

YAU

**अनुसूची-३**
**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**
**योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तरवार्तासम्बन्धी अङ्क विभाजन**
**उपकुलपति पदका निमित्त**

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता | १५ | स्नातकोत्तर उपाधि वापत - ८<br>दर्शनाचार्य उपाधि वापत — २<br>विद्यावारिधि वापत- ५<br>शैक्षिक योग्यता वापत पाउने कूल अङ्क — १५<br>(माथि उल्लेखित उपाधिहरु मध्ये कुनै तहको उपाधि एक भन्दा बढी विषयमा रहेछ (जस्तै, २-३ विषयमा स्नातकोत्तर उपाधि भएपनि) भने पनि एक विषयको उपाधि बापत मात्र अङ्क दिने) |
| (ख) प्राध्यापन अनुभव | ५ | प्राध्यापन सेवामा कार्यानुभव भएको न्युनतम अनुभव वर्ष पश्चातको प्रत्येक वर्षको लागि १ अंकका दरले बढीमा ५ बर्षको अधिकतम ५ अंक |
| (ग) पुस्तक प्रकाशन दुई वटासम्मको लागि | ५ | सम्बन्धित विषय वा उच्च शिक्षाका क्षेत्रमा पुस्तक प्रकासन गरे वापत प्रति पुस्तक वापत २.५ अङ्कका दरले दुई वटासम्मको लागि ५ अङ्क<br>द्रष्टब्यः<br>यसरी पुस्तक एकल रुपमा लेखेको प्रति पुस्तक दुई दशमलव पाँच अङ्कका दरले ५ अङ्क र संयुक्त रुपमा लेखेको भए दुई दशमलव पाँच अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क। |
| (घ) उच्च शिक्षाको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | ५ | (१) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत २.५ अङ्कका दरले दुई वटा अनुसन्धानको लागि ५ अङ्क, वा |

YAU

| | | |
|---|---|---|
| | | (२) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत एक दशमलव पाँच अङ्कका दरले २ वटा अनुसन्धानको लागि बढिमा ३ अङ्क।<br>(३) माथी खण्ड (१) र (२) बमोजिमको उच्च शिक्षाको क्षेत्रमा क्षेत्रको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय अनुसन्धान वापत एक र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथी खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान सदस्य भइ अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले र अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (ङ) जर्नलमा प्राज्ञिक, अनुसन्धानमूलक लेख प्रकाशन | ५ | १.प्राज्ञिक तहमा Qualifying Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम दुइ वटा लेखकोलागि ५ अङ्क<br>Qualifying Ranked Journal को Q-1 देखी Q-4 सम्ममा प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख दुई दशमलव पाँच अङ्क का दरले अधिकतम ५ अङ्क र सह अनुसन्धानकर्ता भए त्यसको आधा अङ्कको दामासाहीले प्राप्त हुने अङ्क<br>वा<br>Peer Reviewed Journal प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख १ अङ्क का दरले अधिकतम दुइवटा लेखको लागि २ अङ्क र सह अनुसन्धानकर्ता भए त्यसको आधा अङ्कको दामासाहीले प्राप्त हुने अङ्क<br>Qualifying Ranked Journal मा प्रकाशित र अन्य Peer Reviewed Journal मा अनुसन्धानमूलक लेख प्रकाशन दुवै पेश गरेको अवस्थामा Qualifying Ranked |

| | | |
|---|---|---|
| | | Journal मा प्रकाशित लेखको अङ्क पहिला गणना गरी बाँकीको लागि Peer Reviewed Journal मा प्रकासित लेखको अङ्क गणना गरिनेछ । |
| (च) सोचपत्र मूल्याङ्कन | १५ | सोचपत्र मूल्याङ्कनको आधार अनुसूची -५ मा व्यवस्था भए बमोजिम हुनेछ । |
| (छ) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Work Plan) मूल्याङ्कन | १५ | विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Work Plan) मूल्याङ्कनको आधार अनुसूची -६ मा व्यवस्था भए बमोजिम हुनेछ । |
| (ज) प्रस्तुतीकरण | २० | अन्तर्वार्ता वापत मूल्याङ्कनको आधार अनुसूची -७ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको असी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (झ) अन्तर्वार्ता | १५ | अन्तर्वार्ता वापत मूल्याङ्कनआधार अनुसूची -८ मा उल्लेख भए बमोजिम हुनेछ । अन्तर्वार्ताको अङ्क प्रदान गर्दा पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

**अनुसूची-४**

**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**

**योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन**

**रजिष्ट्रार पदका निमित्त**

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | **अधिकतम अङ्कभार** | **अङ्क विभाजन र आधार** |
|---|---|---|
| (क) शैक्षिक योग्यता | १५ | स्नातकोत्तर (M.A.) उपाधि वापत - ८<br>दर्शनाचार्य (M.Phil.) उपाधि वापत — २<br>विद्यावारिधि (Ph.D.) वापत- ५<br>शैक्षिक योग्यता वापत पाउने कूल अङ्क — १५<br>(माथि उल्लेखित उपाधिहरु मध्ये कुनै तहको उपाधि एक भन्दा बढी विषयमा रहेछ (जस्तै, २-३ विषयमा स्नातकोत्तर उपाधि भएपनि) भने पनि एक विषयको उपाधि बापत मात्र अङ्क दिने) |
| (ख) अनुभव | १० | प्राज्ञिक तथा, प्रशासनिक र संस्थाको जनशक्ति तथा कोष सञ्चालनमा कार्यानुभव भएको न्युनतम अवधी पश्चातको प्रत्येक वर्षको लागि दुइ अंकका दरले अधिकतम १० अंक |
| (ग) उच्च शिक्षाको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | १० | (१) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा राष्ट्रिय- अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना सञ्चालन र सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत २.५ अङ्कका दरले ४ वटा अनुसन्धानको लागि १० अङ्क, वा<br>(२) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत १.२५ अङ्कका दरले चार वटा अनुसन्धानको लागि ५ अङ्क।<br>द्रष्टव्यः माथी खण्ड (१) र (२) बमोजिमको उच्च शिक्षाको क्षेत्रमा क्षेत्रको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय अनुसन्धान र राष्ट्रिय अनुसन्धान परियोजना सम्पन्न गरेको अवस्थामा अधिकतम १० मा नबढ्ने गरी अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन। |

VAU

| | | |
|---|---|---|
| | | (४) माथी खण्ड (१) र (२) बमोजिमको अनुसन्धान परियोजनामा सदस्य भइ अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (घ) सोचपत्र मूल्याङ्कन | १५ | सोचपत्र मूल्याङ्कनको आधार अनुसूची -५ मा व्यवस्था भए बमोजिम हुनेछ । |
| (ङ) विश्वविद्यालय निर्माणको रणनीतिक कार्ययोजना (Strategic Work-plan) मूल्याङ्कन | १५ | विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Work Plan) मूल्याङ्कनको आधार अनुसूची -६ मा व्यवस्था भए बमोजिम हुनेछ । |
| (च) प्रस्तुतीकरण | २० | प्रस्तुतीकरण मूल्याङ्कनको आधार अनुसूची -७ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको असी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (छ) अन्तर्वार्ता | १५ | अन्तर्वार्ता वापत मूल्याङ्कनको आधार अनुसूची -८ मा उल्लेख भए बमोजिम हुनेछ । अन्तर्वार्ताको अङ्क प्रदान गर्दा पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

## अनुसूची-५
### (दफा १० को उपदफा (५) सँग सम्बन्धित)
### विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको **उपकुलपति / रजिष्ट्रार** पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार

नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

विश्वविद्यालयसम्बन्धी सोचपत्र

| **क्र.सं.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क** | **प्रासाङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | Nature and Scope of a University in general, and Yogmaya Himalayan Ayurveda University (YAU) in Particular | २ | | |
| २. | Holistic vision of the YAU in particular, with interlinkages between the University, Education, Society, and Economy of the country | ३ | | |
| ३. | Analysis of the strengths, weaknesses opportunities and threat to run ayurveda university in Nepal | ४ | | |
| ४ | Strategies to make YAU as a self-sustaining research university and way to make university a center of excellency | ४ | | |
| ५ | Write up quality, structure, flow and language | २ | | |
| | | १५ | प्रासाङ्क अंकमाः | |
| | | | प्रासाङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्रासाङ्क -

अंकमाः

अक्षरमाः

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**मितिः**

**अनुसूची-६**

**(दफा १० को उपदफा (५) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको **उपकुलपति / रजिष्ट्रार** पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

विश्व विद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | Foundation of YAU as an academic and research-based Institution | ३ | | |
| २. | Strategies to make university as a financially self-sustained institution | ४ | | |
| ३. | Strategies to develop required human resource for the university and ways to bring international students - | ३ | | |
| ४ | Strategies to develop curriculum of ayurveda and alternative medical system compatible with Nepalese context | ३ | | |
| ५ | Write up quality, structure, flow and language | २ | | |
| | | १५ | प्राप्ताङ्क अंकमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजनाको कुल प्राप्ताङ्क -

अंकमाः

अक्षरमाः

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**मितिः**

**अनुसूची-७**

**(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)**

**सोचपत्र र कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कन ढाँचा**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति / रजिष्ट्रार पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतिकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| **क्र. सं.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय बस्तुको पूर्णता | ४ | | |
| ३. | सोचपत्रको जानकारी र समावेश भएको विषयवस्तु | ३ | | |
| ४ | कार्ययोजना (मानव संशाधन योजना समेत) बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता | ३ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ३ | | |
| ६. | समय व्यवस्थापन | २ | | |
| ७. | प्रस्तुतिको भाषामा स्पष्टता, शुद्धता, आत्मविश्वास | २ | | |
| | कुल अंक | २० | कुल प्राप्ताङ्क अंकमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**
**नामः**
**पदः**
**मितिः**

YAU

**अनुसूची-८**
**(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)**
**अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा**

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको उपकुलपति / रजिष्ट्रार  पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी अन्तीम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| **क्र. सं.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क २०** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २ | | |
| २. | विषय बस्तुको ज्ञान (सम्वन्धित ऐन कानूहरू समेत) | ४ | | |
| ३. | आत्मविश्वास, उच्च तनावको अवस्थामा तथा विविधतायुक्त साँस्कृतिक परिवेशमा पनि काम गर्न सक्ने क्षमता | ४ | | |
| ४ | समस्याको पहिचान, विश्लेषण र समाधान गर्ने क्षमता | ४ | | |
| ४ | संचार सीप र शैली (Communication) | ३ | | |
| ५ | दुर्गम क्षेत्रमा बसेर काम गर्न इच्छुक | २ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| | कुल अंक | २० | कुल प्राप्ताङ्क अंकमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

**अन्तर्वार्ताकारको हस्ताक्षरः**
**नामः**
**पदः**
**मितिः**